# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १९५ | काठमाडौं | बुधबार, ३० कात्तिक २०७९ | Prabhab National Daily | Wednesday, November 16, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# मतदान केन्द्रमा क्यामरा–मोबाइल निषेध

■ प्रभाव संवाददाता

**काठमाडौं-** आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा मतदान गर्न जाँदा क्यामरा, मोबाइल र अन्य निषेधित वस्तु लैजान नपाइने भएको छ । निर्वाचन आयोगले मतदान केन्द्रमा क्यामरा, मोबाइल र अन्य निषेधित वस्तु रोक्ने सम्बन्धमा चार बुँदे निर्देशन दिने निर्णय गरेको हो ।

मतदानका दिन मतदान केन्द्रमा प्रवेश गर्ने मतदाता तथा अन्य व्यक्तिलाई सलाई, लाइटर, फोटो खिच्ने क्यामरा, मोबाइल तथा अन्य निषेधित वस्तु नलिई मतदान केन्द्रमा आउन आयोगले आग्रह गरेको छ । प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा २१ बमोजिम सर्वपक्षीय बैठकमासमेत छलफल गराई आयोगले सार्वजनिक आह्वान र अनुरोध गरेको हो ।

> मतदानका दिन मतदान केन्द्रमा प्रवेश गर्ने मतदाता तथा अन्य व्यक्तिलाई सलाई, लाइटर, फोटो खिच्ने क्यामरा, मोबाइल तथा अन्य निषेधित वस्तु नलिई मतदान केन्द्रमा आउन आयोगको आग्रह

आयोगले मतदाता वा अन्य व्यक्तिले मतदान केन्द्रमा आउँदा निषेधित वस्तु लिई आएको पाइएमा प्रचलित कानुनबमोजिम तत्काल कारबाही गर्ने र सलाई, लाइटर, क्यामरा, मोबाइलजस्ता वस्तु लिई आएमा मतदान केन्द्रको प्रवेश बिन्दुमा राख्ने व्यवस्था मिलाउने वा मतदान केन्द्रबाहिर निजलाई उपयुक्त लागेको स्थानमा राख्न लगाएर मतदान केन्द्रमा प्रवेश गर्न अनुमति दिने निर्देशन दिएको छ ।

'कसैले फोटो खिच्ने क्यामरा वा मोबाइल आफ्नो स्थानमा साथमा लागि मत संकेत गर्ने स्थान मतदान कक्षमा गएमा तत्काल त्यस्तो क्यामरा वा मोबाइल जफत हुने व्यहोरा सर्वसाधारणलाई सूचित गर्ने,' आयोगको निर्देशनमा भनिएको छ, 'प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका-२०७९, निर्वाचन आचारसंहिता-२०७९ विपरीत उल्लिखित कार्य गर्ने मतदाता तथा अन्य व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्न मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमार्फत मतदान केन्द्रमा खटिने सबै मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा सुरक्षाकर्मीलाई जानकारी गराउने ।'

**गोप्यता कायम गर्न निर्देशन**

यसैबीच प्रमुख निर्वाचन अयुक्त दिनेशकुमार थपलियाले आगामी निर्वाचनमा मतदान तथा मतपत्रको गोप्यता कायम गर्न आग्रह गरेका छन् । कसैको डर, त्रास, धाकधम्की, अवरोध र प्रलोभनमा नपरी गोप्य मतदान गर्न पाउनु उनीहरूको सार्वभौम अधिकार भएकाले मतदातालाई गोप्य मतदानद्वारा आफ्ना प्रतिनिधि चुन्ने हकको सुनिश्चितता हुनुपर्ने उनले बताए ।

प्रमुख आयुक्त थपलियाले भने, 'कोही कसैबाट जो कोही मतदातालाई डर, त्रास, धम्की, अवरोध वा प्रलोभनमा पारेर मतदान प्रक्रियाको गोप्यता भंग गर्नु गराउनु निर्वाचन आचारसंहिता, निर्वाचन (कसूर तथा सजाय) ऐन तथा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ (मतदान निर्देशका) अनुसार दण्डनीय हुनेछ ।'

उनले मतदान प्रक्रियाको गोप्यता भंग गरिएको मतपत्र मतपेटिकामा खसाली नसकेको भए मतदान अधिकृतले मतपत्रलाई छुट्टै खाममा राखी त्यस्तो खाममा सोही व्यहोरा उल्लेख गरी सिलबन्दी गरी मुचुल्का खडा गरी राख्नुपर्ने र त्यस्तो मतपत्र गणना नगरिने व्यवस्थाको स्मरण गराउँदै आफ्नो नाममाबाहेक अरुको नाममा मत हाल्न, पटक-पटक मतदान गर्न, मतपत्र बिगार्न वा नष्ट गर्ने कुनै वस्तु वा पदार्थ मतपेटिकामा खसाल्न नहुने बताए ।

निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ९ मा कसैले पनि मतपत्रमा मत संकेत गरिसकेपछि त्यस्तो मतपत्र कसैलाई देखाउन, प्रदर्शन गर्न, गोप्य मत संकेत स्थलमा मत संकेत नगरी त्यसभन्दा बाहिर गई मत संकेत गर्न वा मत संकेत गरेको व्यहोरा कुनै प्रकारले सार्वजनिक गर्न, छाप लगाएको मतपत्र आफूसँग लिएर जान नहुने व्यवस्था छ । त्यसैगरी मतपत्रको गोप्यता भंग हुँदा अन्य दल तथा उम्मेदवारले समेत सम्बन्धित मतदातालाई विभिन्न किसिमका असहजता सिर्जना गर्न सक्छन् र यसले व्यक्तिको सामाजिक प्रतिष्ठामासमेत गम्भीर असर पुऱ्याउने आयोगले जनाएको छ ।

# धुकचुकमा गृहमन्त्री खाण

बोहरा उम्मेदवार बनेको एमाले-राप्रपा र जसपा गठबन्धनको मत ४९ हजार ६०३ छ । खाण उम्मेदवार रहेको कांग्रेस, माओवादी, लोसपा, जनमुक्ति र जनमोर्चाको मत भने ४१ हजार ५७ छ । मतान्तर आठ हजार ५४६ छ ।

■ जेबी योञ्जन



**काठमाडौं-** देशभर सुरक्षा स्थिति मजबुत बनाउँदै शान्तिपूर्ण ढंगले चुनाव सम्पन्न गर्ने विभागीय जिम्मेवारी पाएका गृहमन्त्री बालकृष्ण खाण चुनाव क्षेत्रमा केन्द्रित छन् । १५ वर्षपछि रूपन्देही-३ मा उनी फेरि प्रत्यक्ष चुनाव लड्दै छन् । चुनावमा जित निकाल्न निकै मुस्किल पर्ने अनुमानका आधारमा आफ्नै चुनाव क्षेत्रमा बढी केन्द्रित हुँदै आएका हुन् ।

उनलाई चुनावमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का नेता दीपक बोहराले टक्कर दिने ठानिएको छ । पञ्चायतदेखि गणतन्त्रसम्म आइपुग्दा सातपटक मन्त्री भएर सत्ताको स्वाद चाखेका उनलाई नेकपा एमाले र जनता समाजवादी पार्टी (जसपा) को समर्थन छ ।

खाणलाई भने नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), राष्ट्रिय जनमुक्ति पार्टी र राष्ट्रिय जनमोर्चाको समर्थन छ । गएको २३ असोजमा उम्मेदवारी दर्तापछि उनीहरू चुनावी अभियानमा छन् ।

तर, बोहराको घाँटीमा समस्या आएपछि उनले भाषण भने गरेका छैनन् । चुनावी घोषणापत्रमार्फत मतदातासँग मत माग्दै छन् । प्रतिस्पर्धी खाणले चुनावी सभामा सम्बोधन गर्दै मत दिन मतदातालाई आग्रह गर्ने गरेका छन् । चुनाव क्षेत्रमा विकास र समृद्धिको नेतृत्व गर्न चाहेको र सुरु गरिएका विकासे संरचनाहरूको निर्माण पूरा गर्न मतदाताले मत दिनुपर्ने उनको भनाइ छ ।

'यहाँ जे जति विकास भए । मैले गरेको छु । विकासको नेतृत्व यहाँ मैले नै लिन्छु र थालिएका केही काम छन्, पूरा गर्नुछ । त्यही भएर मै चुनिन्छु,' खाणले भन्दै आएका छन् ।

२०४८ र २०६४ सालको संविधानसभा चुनाव जितेका खाणले २०५१ सालमा चुनाव हारे । उनलाई हराउने नेता हुन्- एमालेका मोदनाथ प्रश्रित । हारेको पाँच वर्षपछि २०५६ सालमा भएको आमनिर्वाचनमा भने उनले टिकट नै पाएनन् । त्यसपछि २०७० र २०७४ मा समानुपातिक सांसद भए । उनी सिँचाइ, रक्षा हुँदै गृहमन्त्री भएका हुन् ।

**वडाध्यक्षका उम्मेदवारहरूले पाएको मत**

- नेपाली कांग्रेस : ३३,५०५
- नेकपा एमाले : २९,०४८
- राप्रपा : १३,४१६
- जसपा : ७,१३९
- माओवादी केन्द्र : २,५७१
- लोसपा : २,१५३
- जनमत पार्टी : २,०८४
- राजपा : १,७३६
- एकीकृत समाजवादी : ९५०
- राष्ट्रिय जनमोर्चा : १४२

> ■ २०४८ र २०६४ सालको संविधानसभा चुनाव जितेका खाण २०५१ मा पराजित भए । २०७० र २०७४ मा समानुपातिक सांसद ।
>
> ■ २०३८ र २०४३ सालमा राष्ट्रिय पञ्चायत सदस्य भएका बोहराले २०७० को दोस्रो संविधानसभा चुनाव जिते । २०७४ सालको प्रतिनिधिसभा चुनाव तत्कालीन एमाले नेता घनश्याम भुसालसँग हारे ।

उनलाई कांग्रेसको भावी नेतृत्वको रूपमा पनि हेरिएको छ ।

बोहरा भने २०३८ र २०४३ सालमा राष्ट्रिय पञ्चायत सदस्य र २०७० सालमा भएको दोस्रो संविधानसभा चुनाव जितेका नेता हुन् । उनले पछिल्लोपटक २०७४ सालको प्रतिनिधिसभा चुनाव तत्कालीन एमाले नेता घनश्याम भुसालसँग हारेका थिए । उनी पर्यटन, वन, शिक्षा, स्वास्थ्यलगायत मन्त्री भइसकेका छन् ।

उनै नेता खाण र बोहरा यसपटक चुनावमा भिन्नभिन्न गठबन्धनबाट आमनेसामने भएका हुन् । चुनाव जित्ने दुवै उम्मेदवारको दाबी छ । उनीहरूलाई समर्थन गरेका गठबन्धन दलहरूको पनि दाबी त्यस्तै छ । अन्य दलका उम्मेदवार र स्वतन्त्र उम्मेदवारहरूको पनि चुनाव जित्ने दाबी छ ।

चुनाव क्षेत्रमा सिद्धार्थनगर नगरपालिका, शुद्धोधन गाउँपालिका, (**बाँकी पृष्ठ ५ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

विश्वकपको सम्मुखमा कतारलाई दबाब

# 'पीडित आप्रवासी कामदारलाई क्षतिपूर्ति देऊ'

■ प्रभाव संवाददाता




**काठमाडौं-** कतार सरकारलाई फिफा विश्वकप-२०२२ को सञ्चालन सम्मुखमा आप्रवासी कामदारमाथि भएको श्रम शोषण र उनीहरूको मृत्युप्रति जवाफदेही बनाउन तथा क्षतिपूर्ति दिन दबाब परेको छ । अन्तर्राष्ट्रिय अधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनलले विश्वकप सुरु हुनुभन्दा एक हप्ताअघि फिफाका अध्यक्ष जियानी इन्फान्टिनोमार्फत विश्वकप खेलका लागि कतारमा भएका चम्किला स्टेडियम (रंगशाला)हरू निर्माण गर्ने आप्रवासी कामदारहरूका लागि क्षतिपूर्ति प्याकेज घोषणा गर्न दबाब दिएको हो ।

एम्नेस्टीले भर्खरै मात्र इन्फान्टिनालाई आप्रवासी कामदारहरूका लागि क्षतिपूर्ति प्याकेज घोषणा गर्नुपर्ने प्रतिबद्धता जनाउन अनुरोध गरेको छ । यसअघि गत मे महिनामा पनि एम्नेस्टी र ह्युमन राइटस् वाचसहित २४ वटा अधिकारवादी संस्थाहरूले इन्फान्टिनोलाई पत्र लेखेर कामदारहरूले भोगेका दुर्व्यवहारका लागि एक सुधार कार्यक्रम सञ्चालन गर्न आग्रह गरेका थिए । मुख्यतया: दक्षिण एसिया र दक्षिण-पूर्वी एसिया र अफ्रिकाबाट आएका आप्रवासी कामदारहरूमाथि चर्को शोषण र व्यापक दुर्व्यवहार भएको ती संस्थाहरूले उल्लेख गरेका छन् ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यम एएफपीका अनुसार एम्नेस्टी इन्टरनेसनलकी महासचिव एग्नेस कालामार्डले गत शुक्रबार अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा प्रकाशित एक विचारमा जियानी इन्फान्टिनोलाई सम्बोधन गर्दै भनेकी छन्, 'यो बढ्दो कोलाहलको बीचमा, सबैको सबैभन्दा महत्त्वपूर्ण आवाज स्पष्टरूपमा मौन रह्यो ।' फिफाबाट निजी र सार्वजनिक आश्वासन र प्रस्तावलाई विचार गरिरहेको भन्नुबाहेक संयुक्त पत्रको कुनै प्रतिक्रिया नपाएको कालामार्डको भनाइ छ । इन्फान्टिनोले यही महिनाको सुरुमा एउटा पत्रमा कतारमा प्रतिस्पर्धा गर्ने ३२ राष्ट्रहरूलाई 'फुटबलमा ध्यान केन्द्रित गर्न' आह्वान गरेपछि अधिकारवादी संस्थाहरू आक्रोशित भएका छन् । कालामार्डले फिफालाई कतारमा श्रम अधिकार उल्लंघन भएको राम्रो दस्तावेज गरिएको इतिहासलाई ध्यानमा राख्दै, फिफाले कतारलाई प्रतियोगिता सञ्चालन गर्ने अवसर प्रदान गर्दा कामदारहरूका लागि स्पष्ट जोखिमहरू थाहा भएको वा थाहा पाउनुपर्ने विषय भएको बताइन् ।

विभिन्न अन्तर्राष्ट्रिय अधिकारवादी संस्थाहरूको दबाब र चेतावनीका बाबजुद कतार आफैंले विश्वकप परियोजनाहरूमा मारिएका वा घाइते आप्रवासी कामदारहरूका लागि क्षतिपूर्ति कोषको आह्वानलाई अस्वीकार गरेको छ । त्यहाँका श्रममन्त्री अली बिन समिख अल मारीले अन्तर्राष्ट्रिय सञ्चारमाध्यम एएफपीसँग कतारले पहिले नै भुक्तान नगरिएको ज्यालाको लागि करोडौं डलर हस्तान्तरण गरिरहेको र खाडी राज्यका आलोचकहरूलाई जातीयवादको आरोप लगाउँदै 'प्रचार स्टन्ट' भएको बताएका थिए ।

एम्नेस्टीले फिफा र कतारी अधिकारीहरूलाई क्षतिपूर्ति प्याकेज डिजाइन र प्रशासनिक कार्यमा जटिलता हुने उल्लेख गर्दै श्रमिकको श्रम र शवमाथि हुने दुर्व्यवहारको मुद्दालाई निष्क्रिय पार्ने वा थप ढिलाइका लागि बहानाको रूपमा प्रयोग गर्न नपाइने जनाएको छ । रंगशाला निर्माणमा काम गर्ने मजदुरहरूले कामको अवस्थालाई व्याख्या गर्दै जबरजस्ती श्रम, बेतलबी वा विनाज्याला, र विनाबिदा लामो घण्टा काम गर्नुपरेको गुनासो गरेका छन् । कामदारहरूलाई हानि भएको भन्दै एडिडास, कोका-कोला र म्याकडोनाल्डलगायत विश्वकप प्रायोजकहरूले प्रारम्भिक कललाई समर्थन गरेका छन् । अस्ट्रेलियाको राष्ट्रिय टोलीले कतारमा हुने फुटबल प्रतियोगिता आयोजना गर्ने निर्णयले श्रमिकहरूलाई असर परेको भिडियोसमेत जारी गरेको छ ।

कतारमा हुने विश्वकप फुटबल प्रतियोगिताका लागि भौतिक पूर्वाधार निर्माणका क्रममा छ हजारभन्दा बढी आप्रवासी कामदारले ज्यान गुमाएको बताइएको छ । अंगभंग हुने कामदारको संख्या पनि उल्लेख्य रहेको विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाले रिपोर्ट सार्वजनिक गरेका छन् । यसरी श्रमिकले ज्यान गुमाउनुपरेको पीडादेखि काम गरेको ज्याला नपाउनेसम्मका आवाज निरन्तर उठाउनेमा नेपालीहरू नै रहेका छन् । कतारमा रंगशाला निर्माणका क्रममा केकति नेपाली कामदारले ज्यान गुमाए वा अंगभंग र गम्भीर बिरामी परे त्यसको यकीन तथ्यांक नभएको वैदेशिक रोजगार विभागले जनाएको छ ।

कतारले आफ्नो मुलुकमा भएको श्रम सुधारका कार्यले निश्चित मुलुक र पक्षमात्रै असन्तुष्ट रहेको भन्दै कतारमा अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)को कार्यालय स्थापनापछि ती आरोपहरू निराधार सावित भएको बताएको छ । उसले श्रम कानुन र अन्य पक्षमा गरिएको सुधारले आफ्नो मुलुकमा काम गर्ने झण्डै ९० प्रतिशत आप्रवासी कामदार लाभान्वित भएको दाबी गरेको छ ।




## तथ्यांकमा निर्वाचन




इन्फोग्राफिक्स्: निर्वाचन आयोग

रोचक बन्दै काठमाडौं-९ को प्रतिस्पर्धा

# मुख्य प्रतिस्पर्धामा श्रेष्ठ र धमला, चुनौती दिँदै पाण्डे







■ सचिना बानियाँ

काठमाडौं- आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदसय निर्वाचनमा रोचक प्रतिस्पर्धा हुने देखिएको छ । चुनाव नजिकिँदै गर्दा उम्मेदवार मत माग्न रातदिन खटिएका छन् । काठमाडौं क्षेत्र नं ९ मा नयाँ र पुराना नेता चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् ।

नेकपा एमालेबाट २०७४ को निर्वाचनमा उक्त क्षेत्रबाट निर्वाचित सांसद कृष्णगोपाल श्रेष्ठ पुनः प्रतिस्पर्धामा छन् । त्यस्तै सत्तारुढ वाम-लोकतान्त्रिक गठबन्धनबाट साझा उम्मेदवार नेकपा माओवादी केन्द्रकी कल्पना धमला छिन् । उनीहरू दुई जनाबीच कडा प्रतिस्पर्धा हुने देखिएको छ ।

२०७४ को निर्वाचनमा वाम गठबन्धनका उम्मेदवार एमालेका श्रेष्ठले कांग्रेसका उम्मेदवार ध्यानगोविन्द रञ्जितलाई आठ हजार ५० मतले मतान्तरले पराजित गरेका थिए । उनले तत्कालीन समयमा २२ हजार ८५२ मत प्राप्त गरेका थिए । त्यतिबेला विवेकशील साझा पार्टीका उम्मेदवार मिलन पाण्डेले चार हजार ९४६ मत प्राप्त गरी तेस्रो स्थान हासिल गरेका थिए ।

अर्थशास्त्रमा स्नातकोत्तर गरेका श्रेष्ठलाई गत वैशाखमा भएको स्थानीय तहको निर्वाचनको मतपरिणामले विरासत जोगाउन हम्मेहम्मे देखिन्छ । प्रतिनिधिसभा निर्वाचन काठमाडौं क्षेत्र नं ९ मा १४ वटा वडा पर्छन् । स्थानीय तहको निर्वाचनमा कांग्रेसले आठ वडा र एमालेले छ वडामा विजय हासिल गरेको छ ।

एमालेका वडाध्यक्षले पाएको मतभन्दा कांग्रेस ६३४ मतान्तरले अगाडि छ । कांग्रेस र नेकपा एकीकृत समाजवादीले माओवादीका धमलालाई समर्थन गरेको छ ।

कांग्रेस, एकीकृत समाजवादी र माओवादी केन्द्रको मत जोड्दा कूल २१ हजार ७६ हुन्छ । २०७४ को निर्वाचनमा चार हजार ९४६ मत प्राप्त गरी तेस्रो स्थान हासिल गरेका विवेकशील साझा पार्टीका उम्मेदवार मिलन पाण्डे पनि श्रेष्ठका लागि तगारो बन्न सक्छन् ।

अग्रगमनको पक्षमा संविधानको रक्षा, राजनीतिक स्थायित्व, विकास, समृद्धि र सुशासन राजनीतिक मुख्य एजेण्डा लिएर धमला मैदानमा उत्रिएकी छन् । संविधानमा उल्लिखित नागरिकका मौलिक हकलाई कानुन बनाएर कार्यान्वयन गर्ने उनले प्रतिबद्धता गरेकी छन् । गठबन्धन दलहरूको परम्परागत मत तान्न नसके माओवादी केन्द्रकी धमलालाई विजयी गाह्रो हुने देखिन्छ ।

एमालेका श्रेष्ठले यसअघिको कार्यकालमा बाँकी सडक पूर्वाधार, खानेपानी, शिक्षा, स्वास्थ्यलगायतका अपूरा योजना नयाँ कार्यकालमा पूरा गर्ने मुद्दा बोकेर चुनावी मैदानमा उत्रिएका छन् ।

उनले राजनीतिमा युवालाई आकर्षण गर्न आगामी संसदीय र निर्वाचनको प्रक्रियामा सहभागी नहुने बताउँदै आएका छन् ।

साझा पार्टी नेपालबाट उम्मदवारी दिएका पाण्डेले शिक्षकलाई सांसदलाई भन्दा बढी तलब दिनुपर्ने माग उठाउँदै आएका छन् । मर्यादाक्रममा शिक्षकलाई 'मानार्थ'रूपमा सांसदकै तहमा राख्नुपर्नेमा उनको जोड छ । प्रधानाध्यापकलाई मन्त्रीसरह तलव-सुविधा र 'मानार्थ'रूपमा मर्यादाक्रममा मन्त्रीसरह राख्ने उनको प्रमुख एजेण्डा छ ।

प्रतिनिधिसभा निर्वाचन काठमाडौं क्षेत्र नं ९ मा १४ वटा वडा पर्छन् । काठमाडौं महानगरका १२, १४, २१, २२, चन्द्रागिरि नगरपालिकाका १, १२, १३, १४, १५, नागार्जुन नगरपालिकाका ६, ७, ८, ९, १० वडा यस क्षेत्रभित्र पर्छन् । जसमध्ये कांग्रेसले काठमाडौंका दुई, चन्द्रागिरिका तीन र नागार्जुनका तीन वडामा विजय हासिल गरेको छ । एमालेले काठमाडौंका दुई, चन्द्रागिरिका दुई र नागार्जुनका दुई वडामा विजय प्राप्त गरेको छ ।

गत स्थानीय तहको मतपरिणामअनुसार कांग्रेस र एमालेबीच कडा प्रतिस्पर्धा हुने देखिन्छ । कांग्रेसका वडाध्यक्षहरूले १९ हजार ९१६ मत प्राप्त गरेका छन् भने एमालेका वडाध्यक्षले १९ हजार २८२ मत ल्याएका छन् । त्यस्तैगरी माओवादी केन्द्रका वडाध्यक्षहरूले ६९५ मत प्राप्त गर्दा नेकपा एकीकृत समाजवादीले ४६५ मत प्राप्त गरेको छ ।

काठमाडौं-९ मा १२ दलगत उम्मेदवार र १० स्वतन्त्रसहित २२ जनाको उम्मेदवारी रहेको छ । श्रेष्ठ, धमला, पाण्डेसहित राष्ट्रिय स्वतन्त्र पार्टीबाट टेकबहादुर पोखरेल, कांग्रेस बिपीबाट रमेश थापा, राप्रपाबाट देवेन्द्र प्रधान, जसपाबाट शर्मिला सुवाल (डंगोल)लगायतको प्रतिस्पर्धा हुने देखिन्छ ।

सो क्षेत्रमा न्युरोड, संकटा मन्दिर, भोटेबहाल, लगनटोल, यंगाल, ब्रम्हटोल, जैशीदेवल, टेकु, कुलेश्वर, रविभवन, बल्खु, कलंकी, स्युच्टार, एलआरआई स्कुल, खड्कागाउँ, नयाँ नैकाप, पुरानो नैकाप, तीनथाना, सतुंगल (थोरै भाग), बलम्बु (थोरै भाग), दहचोक, भीमढुंगा, रामकोट, डाडापौवा, हसन्टारलगायत प्रमुख स्थान पर्छन् ।

प्रतिनिधिसभा निर्वाचन काठमाडौं क्षेत्र नं ९ मा ७२ हजार १७३ मतदाताले मतदान गर्न ८५ वटा मतदान केन्द्र निर्धारण गरिएको छ भने ३४ मतदानस्थल तोकिएको छ । कूल मतदातामध्ये ३५ हजार ५८ पुरुष र ३७ हजार ११४ महिला मतदाताको संख्या रहेको छ । *रासस*

# 'समाचारको विश्वसनीयता बढाउन आवश्यक'

■ प्रभाव संवाददाता

**काठमाडौं–** आमसञ्चार तथा पत्रकारिताका प्राध्यापक परशुराम (पी) खरेलले समाचार विश्वसनीय र निष्पक्ष हुनुपर्ने बताएका छन् । उनको ७०औं जन्मजयन्तीका अवसरमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय पत्रकारिता तथा आमसञ्चार विभागअन्तर्गतको रत्नराज्य लक्ष्मी क्याम्पसले आयोजना गरेको 'पी खरेल : पत्रकारितामा पाँच दशक' कार्यक्रममा प्रा. खरेलले समाचार लेखनका क्रममा विश्वसनीयता र निष्पक्षतालाई ख्याल गर्नुपर्ने बताएका हुन् ।

उनले आफ्नो पाँच दशक लामो पत्रकारिताको अनुभवमा नेपालको पत्रकारिताले ठूलो परिवर्तन गरेको सुनाए । २०४६ सालपछि पत्रकारितामा व्याख्यात्मक शैलीका समाचार सम्प्रेषण हुन थाले पनि समाचारमा पृष्ठभूमि बढी र समाचार उठान भने कमजोर रहेको प्रा. खरेलको भनाइ थियो ।

विश्वका सम्पन्न मुलुक अमेरिका र युरोपमा ४५ प्रतिशत जनताले




मात्र पत्रकारिताप्रति विश्वास गर्ने गरेको बताउँदै उनले यो दरलाई अझ वृद्धि गर्नेगरी पत्रकारितालाई विश्वसनीय ढंगले अगाडि बढाउनुपर्नेमा जोड दिए ।

चौबिस वर्षसम्म क्रियाशील पत्रकारिता गरेका प्रा. खरेलले पछिल्लो समय विभिन्न समसामयिक विषयमा लेख लेख्दै आएका छन् । पहिलोपटक २०३० सालमा राइजिङ नेपाल पत्रिकामा लेख प्रकाशित गरेका उनले हाल वार्षिक ७५ देखि १०० वटासम्म लेख लेख्ने गरेका र यसबाट सवा करोड रूपैयाँभन्दा बढी आम्दानी गरेको बताए । पत्रकारितामा लगानी कम रहेको सञ्चारमाध्यमका मालिकहरू आफू पजेरो चढ्ने तर श्रमजीवी पत्रकारलाई समयमा तलब नदिने प्रवृत्ति देखिएकामा प्रा. खरेलले चिन्ता व्यक्त गरे ।

वरिष्ठ पत्रकार किशोर नेपालले नेपाल र दक्षिण एसियाको पत्रकारिताको विकासमा प्रा. खरेलको महत्त्वपूर्ण योगदान रहनाका साथै लेखन र अनुसन्धान गर्ने तरिका सन्तुलित भएको बताए ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका उपकुलपति एवं वरिष्ठ फोटो पत्रकार गोपाल चित्रकारले प्रा. खरेल आफ्नो पत्रकारिताको सल्लाहकार भएको बताए ।

उक्त क्याम्पसका विभागीय प्रमुख श्रीराम पौडेलले प्रा.खरेलको पत्रकारिताको अनुभवबाट नयाँ पुस्ताले पाठ सिक्नुपर्नेमा जोड दिए । क्याम्पस प्रमुख प्रा.डा. जीवनधर ज्ञवालीले प्रा.खरेललाई सम्मानसहित जन्मदिनको शुभकामना व्यक्त गरेका थिए ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

कात्तिक ३० गते सोमबार (तिथिः अष्टमी, कृष्णपक्ष)

| | |
|---|---|
| **मेष** | आमाबुवालाई लाभको योग छ । |
| **वृष** | धनलाभ हुनेछ । |
| **मिथुन** | सबै काममा सावधानी आवश्यक छ । |
| **कर्कट** | काममा बाधा आउनेछ । |
| **सिंह** | कामको अवसर बढ्नेछ । |
| **कन्या** | अनावश्यक काम नगर्नुहोला । |
| **तुला** | स्वास्थ्यमा विशेष ध्यान दिनुपर्नेछ । |
| **वृश्चिक** | जनसम्पर्क बढ्नेछ । |
| **धनु** | सबै कार्यमा धैर्य राख्नुहोला । |
| **मकर** | कुनै पनि कार्यमा हतार गर्नु हुँदैन । |
| **कुम्भ** | अनावश्यक कार्यमा समय खर्च नगर्नुहोला । |
| **मीन** | जग्गासम्बन्धी कार्यमा सफलता मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

कात्तिक ३० गते, २०७९, १६ नोभेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# ‘एमालेले गरेको विकास देखेर गठबन्धन आत्तिएको छ’

■ प्रभाव संवाददाता

**भक्तपुर–** नेकपा एमालेको पोलिटव्युरो सदस्य, पूर्वमन्त्री तथा भक्तपुर क्षेत्र नं. २ को प्रतिनिधिसभाका उम्मेदवार महेश बस्नेतले जिल्लामा एमालेको नेतृत्वकालमा गरेको विकास देखेर गठबन्धनका दलहरू जनताको बीचमा भोट माग्न जानसमेत नसक्ने अवस्था रहेको दावी गरेका छन् ।

आगामी मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको प्रचार प्रसारका क्रममा क्षेत्र नं. २ ‘ख’ निर्वाचन परिचालन कमिटीले मंगलबार मध्यपुर थिमी नगरपालिका–८ बोडेमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै नेता बस्नेतले जिल्लामा एमालेले चार वर्षमा गरेको विकास र समृद्धिको ऐतिहासिक कार्यहरू देखेर गठबन्धनका दलहरूको ढाडमा लुतो आएको बताए । कांग्रेसले १५ वर्ष र नेपाल मजदुर किसान पार्टीले १० वर्ष भक्तपुरमा नेतृत्व गर्दा सिंहदरवारबाट नजिक रहेको जिल्लामा रहेका जनताले विकास देख्न नपाएको स्मरण गर्दै नेता बस्नेतले एमालेको नेतृत्वको करिव चार वर्ष भक्तपुरको इतिहासकै सवैभन्दा बढी भौतिक पूर्वाधार, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, ढल, वातावरण संरक्षण तथा सम्बर्द्धन, भ्रष्टाचार नियन्त्रण, शुसासनलगायतका कार्यहरू भएको बताए ।

उनले भने, ‘कांग्रेसले १५ वर्ष, नेमकिपाले १० वर्ष जनताको विकास र समृद्धिको माग, चाहना र आवश्यकतालाई वास्ता गरेन । उपत्यका भित्रकै जिल्ला भएपनि जनताले जनप्रतिनिधि भएको आभास गर्न पाएनन् । सदनमा जनताको आवाज उठेन । जनताका न्युनतम आधारभूत सेवा सुविधाहरूबाट समेत बञ्चित हुनुपरेको थियो । एम्बुलेन्स आउने सडक समेत नभएकाले कतिपय भक्तपुरवासी जनताले ज्यान नै गुमाउनु परेको तितो यथार्थ हाम्रो आँखामा झल्झली आउँछ । त्यस्तो पीडालाई मलम लगाउन एमालेले करिव ४ वर्षमा २६ अर्वभन्दा बढी बजेट ल्याई विकासका आधारभूत कुराहरू पुरा गरेको छ । अब एड्भान्स लेभलको विकास जनताको आवश्यकता बनेको छ । अब एमालेले उक्त कुराको नेतृत्व गर्छ ।’

हाम्रोका लागि नभई राम्रोका लागि भक्तपुरमा एमालेमात्र रहेको उल्लेख गर्दै उनले मंसिर ४ को निर्वाचनमा विजयी भए पश्चात एमालेको उम्मेदवारहरू रहरलाग्दो भक्तपुर र भरलाग्दो पार्टी एमालेको रूपमा जनताको बीचमा अगाडि बढ्ने प्रतिबद्धता जनाए । प्राकृतिक प्रकोप, भुकम्प, कोरोना भाइरस, हनुमन्ते नदीमा आएको बाढीलाई रोकथाम तथा नियन्त्रणलगायतका समस्यासँगै एमाले जनताको बीचमा निरन्तर आएर जनताको समस्यालाई आफ्नै समस्याको रूपमा लिई जनताको सेवा गरेको स्मरण गर्दै उनले ‘जहाँ समस्या, त्यहाँ एमाले’ भन्ने जनताको मन मुटुमा रहेको उल्लेख गरे । उक्त समस्याग्रस्त समयमा एमालेको विरुद्ध अहिले उम्मेदवारहरू कहाँ थिए ? भनी प्रश्न गरे ।

एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी ओली नेतृत्वको सरकारले सम्पदा झल्कने, आधुनिकता टल्कने अभियान चलाएको उल्लेख गर्दै उनले आधुनिकता टल्कने नेतृत्व महेश बस्नेतले गरेको र सम्पदा झल्कने प्रकारको नेतृत्व पूर्व मेयर मदनसुन्दर श्रेष्ठले गरेको बताए । कांग्रेसले बेचेका सार्वजनिक जग्गाहरू फिर्ता ल्याउने अभियानमा एमालेले महत्वपूर्ण जिम्मेवारी गरिरहेको उल्लेख गर्दै उनले भक्तपुरको कला संस्कृति र परम्परालाई जोगाउन एमालेको साथ र सहयोग निरन्तर रहिरहेको बताए । जनताले विकास हेर्न चाहेको उल्लेख गर्दै नेता बस्नेतले जनताले लगाएको ‘गुनको बदला गुन, नुनको बदला नुन’ नै दिने बताए । व्यक्तिगत समस्यामा समेत एमाले जनताको साथमा रहेको उल्लेख गर्दै उनले थोत्रा मुद्दाहरू लिएर गठबन्धनका दलहरू जनताको बीचमा ठग्ने, झुक्याउने र भ्रममा पार्ने तरिकाले आएकाले राष्ट्रवादी भक्तपुरका जनताले सचेत भएर मतदान गर्न आग्रह गरे ।

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**सूचना प्रकाशन मिति २०७९।०७।३०**

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०७८/७९ मा संकलित साल, असना गोलिया १४५५.५७ क्यू.फि काठ तथा साल मिश्रित दाउरा २ चट्टा लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री गौतम सा.व.उ.स., तिनाउ–३, पाल्पा**

## कम्पनी खारेज गरिएको लिक्वीडेटरको सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६८/०९/२३ मा दर्ता भएको प्रा.लि. नं. ८९४३५/०६८/०६९ को सासा स्पा हेल्थ क्लब प्रा. लि.को मिति २०७९/०७/२९ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर: राजु थापा, ठेगाना : बौद्ध–६, काठमाडौं**
**इजाजतपत्र नं. ३५६, फोन नं. ९८५१०१३७३०**

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०७/३०

यस कम्पनीको मिति २०७९/०७/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **फ्रट्कम इन्टेलिजेन्ट फ्लीट्स प्रा.लि. (प्रा.लि. नं. ३००९८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०६/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **फ्रट्कम नेपाल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०७/३०

यस कम्पनीको मिति २०७९/०६/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **चितेपानी मल्टिसर्भिस प्रा.लि. (प्रा.लि. नं. ६१६४२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०६/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **हेरिटेज इन्टरनेशनल कलेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADNOC DISTRIBUTION

पूर्व स्वीकृति मिति २०७९/०७/२९ | LT. No.275523 | चलानी नं. ६०१९१२७४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | C Store Attendant | 30 | 20 | 1215 | ४२,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Coffee Maker/senior Coffee Maker | 100 | 50 | 1215 | ४२,१६० | | | | | | | |
| 3 | Sales Attendant /sales Representative | 350 | 0 | 1215 | ४२,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ७ गते (23rd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

LF RECRUITMENT श्रम ईजाजत नं. ६६६/०६३/०६४

**Leading Foreign Recruitment Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-411294, 9849325814/9818712550
Fax No. : +977-1-4465453,E-mail: hospitallity.lfr@gmail.com, Web: www.lefrn.com

## कतार/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PEAK STAR INTERNATIONAL SERVICES

पूर्व स्वीकृति मिति : २०७९/०५/०७ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२९ | LT. No.270026 | चलानी नं. ६०१८५९४४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 2000 | ७१,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Cleaning Worker | 1 | 0 | 1000 | ३५,५९० | | | | | | | |
| 3 | Representative | 1 | 0 | 2200 | ७८,२९५ | | | | | | | |
| 4 | Supervisor | 1 | 0 | 2500 | ८८,३४५ | | | | | | | |
| 5 | Waiter | 2 | 0 | 1400 | ४९,८२५ | | | | | | | |

कम्पनी : PPSE INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति : २०७९/०७/२९ | LT. No.275666 | चलानी नं. ६०१९१२९५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ७ गते (23rd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD** श्रम ईजाजत नं. 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOOD CIRCLE RESTAURANTS COMPLEX CO W.L.L.

पूर्व स्वीकृति मिति : २०७९/०५/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/२९ | LT. No. 269918 | चलानी नं.६०१८५६८२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Body Builder Trainer | 5 | 0 | 170 | ७१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 4 | 4 | 130 | ५४,७२० | | | | | | | |
| 3 | Chef Assistant / Preparer | 20 | 0 | 120 | ५०,५१० | | | | | | | |
| 4 | Cleaner (Indoor) | 10 | 0 | 90 | ३७,८८५ | | | | | | | |
| 5 | Coffee Maker / Juice Maker | 2 | 2 | 130 | ५४,७२० | | | | | | | |
| 6 | Cook | 6 | 0 | 150 | ६३,१४० | | | | | | | |
| 7 | Fitness Trainer | 5 | 0 | 170 | ७१,५६० | | | | | | | |
| 8 | Swimming Trainer | 5 | 0 | 170 | ७१,५६० | | | | | | | |
| 9 | Waiter/waitress | 4 | 4 | 130 | ५४,७२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ७ गते (23rd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAWARMA ZONE RESTAURANT

पूर्व स्वीकृति मितिः २०७९/०२/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/२९ | LT. No.263388 | चलानी नं. ६०१७९५७५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३४,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARAB STREET CAFÉ TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०७९/०५/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/२९ | LT. No.269791 | चलानी नं. ६०१८५७२४

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 3 | 0 | 1500 | ५१,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CANNED BEVERAGE FACTORY COMPANY ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति २०७९/०६/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/२९ | LT. No.272401 | चलानी नं. ६०१८८१५८

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Representative | 10 | 0 | 2000 | ६८,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAMAQ COMPANY TO SERVE DRINKS

पूर्व स्वीकृति मिति २०७८/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/२९ | LT. No.259269 | चलानी नं. ६०१७९४५६

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 15 | 0 | 1000 | ३४,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ७ गते (23rd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOAM PACKAGING INDUSTRIES SB

पूर्व स्वीकृति मिति २०७९/०७/२८ | LT. No. 275377 | चलानी नं. ६०१९१३१०

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ७ गते (23rd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**FOUR STAR OVERSEAS EMPLOYMENT SERVICE PVT. LTD.** श्रम ईजाजत नं. ४२०/०६०/६१
Samakhusi-29 Kathmandu, Nepal.
Tel: 01-4986396, 9851017238, 9851035963
Email: 4starover09@gmail.com, Website: www.4staroverseas.com

## युएई/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL JABER HEAVY LIFT & TRANSPORT LLC

पूर्व स्वीकृति मिति २०७९/०७/२९ | LT No :275530 | चलानी नं.६०१९१३०५

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Data Entry Clerk | 4 | 0 | 1000 | ३५,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Filing Clerk | 1 | 0 | 1000 | ३५,२७५ | | | | | | | |
| 3 | Vehicles Mechanic Assistant | 8 | 0 | 1000 | ३५,२७५ | | | | | | | |

कम्पनी : YUSUF AHMED ALGHANIM & SONS W.L.L

पूर्व स्वीकृति मिति २०७९/०३/१४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२९ | LT No :265784 | चलानी नं.६०१८२०६३

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Helper | 100 | 30 | 95 | ३९,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KUWAIT CONTINENTAL HOTEL CO.

पूर्व स्वीकृति मिति २०७९/०३/१० | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२९ | LT No :265515 | चलानी नं.६०१८१७२२

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | महिला | मासिक तलव: KWD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Boy | 10 | 0 | 95 | ३९,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Houskeeping | 8 | 8 | 95 | ३९,९९० | | | | | | | |
| 3 | Kitchen Steward | 8 | 0 | 95 | ३९,९९० | | | | | | | |
| 4 | Resturant Waiter | 3 | 4 | 115 | ४८,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ७ गते (23rd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्नें र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**KATHMANDU OVERSEAS PVT. LTD.** श्रम ईजाजत नं. २६५/०५८/०५९
Baluwatar, Kathmandu, Nepal, +977 014445395/96
E-mail : kathmandumanpower@gmail.com / jb@kathmandumanpower.com
www.kathmandumanpower.com

## ZERO COST RECRUITMENT Opportunity For Malaysia!!
## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर ।

**Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator! Free Food | Transportation | Accommodation from Interview to Deployment!**

निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रियो, सेवाशुल्क नलाग्ने, तलब कटौतीनहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित
अन्तर्वार्ता देखि उडान सम्म निःशुल्क खाना, यातायात, आवास

COMPANY: EKO METAL INDUSTRIES SDN.BHD
कम्पनी : एको मेटल ईन्डस्ट्रिज एसडिएन्. बिएचडि

Pre Approval Date : 2022-11-15 | LT. No.275494 | Invoice No. 60191339
पूर्व स्वीकृति मिति : २०७९/०७/२९ | एल टि न. २७५४९४ | चलानी नं. ६०१९१३३९

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's: पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary: रिंगिट RM | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. 1. | फ्याक्ट्री वर्कर Factory Worker (Manufacturing Sec.) | ४० 40 | ० 0 | आधारभुत अङ्ग्रेजी पढन, लेख्न र बोल्नमा दक्ष Proficient in reading, writing & speaking basic English | १५०० 1500 | ४२,७५५ 42,755 | क. नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | क. नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

**नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ । आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।**
**Note: Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्योहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्योहोने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्योहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कैसले तिन Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कसले व्योहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

| | | | |
|---|---|---|---|
| कल्याणकारी कोष सम्बन्धी ब्यवस्था : Management of Workers Welfare Fund | ने.रू.१५०० ।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it | रोजगारदाताले ब्यहार्ने By the Employer |

**यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।**

MERIDIAN OVERSEAS P.LTD. does not have any branch or mediator representative.
This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Interview will be conducted on 23rd November, 2022 in office premisees.**
**अन्तर्वाता मिति २०७९ मंसिर ७ गते कार्यालय परिसरमा हुनेछ ।**

**अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।**
**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :– १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस बिज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुबिधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**Meridian Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ६१३/०६२/०६३
Bashundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# मेलम्चीको पानी प्रतीक्षा कहिलेसम्म ?

सुक्खायाम सुरु भएसँगै काठमाडौं उपत्यकामा खानेपानीको अभाव बढ्न थालेको छ । ठूलो जनघनत्व रहेको उपत्यकामा खानेपानीको समस्या वर्षौंदेखिको हो । उपत्यकावासीले निरन्तर पानीको समस्या झेल्दै आएका छन् । यही समस्यालाई मध्यनजर राखी करिब साढे दुई दशक अघिदेखि मेलम्ची खानेपानी आयोजनामा खर्च गरिरहेको छ सरकार । अहिलेसम्म अर्बौं लगानी भइसके पनि उपत्यकावासीले पानी पाउन सकेका छैनन् ।

लामो प्रतीक्षापछि २०७७ फागुन २२ मा मेलम्चीको पानी काठमाडौंमा ल्याइएको थियो । सिन्धुपाल्चोकको मेलम्चीबाट छाडिएको पानी सुरुङमार्ग हुँदै काठमाडौंको सुन्दरीजलमा आइपुगेको थियो । त्ससँगै उपत्यकावासीले नियमित पानी पाउने आशा गरेका थिए । २०७७ चैत २० राष्ट्रपतिले विद्यादेवी भण्डारीले भृकुटीमण्डपमा आयोजित एक समारोहबीच धारा खोलेर पानी वितरण सुरु गरेकी थिइन् । त्यसपछि केही समय काठमाडौंका केही स्थानका बासिन्दाले पानी पाएका थिए । त्यसले उनीहरुमा खुसी छाएको थियो । यतिसम्म कि कतिपय स्थानमा त पानी खेर जानेसम्म भएको थियो । तर, त्यो खुसी धेरै समय टिक्न सकेन ।

२०७८ असार १ को बाढीले आयोजनाको बाँध र हेडवर्क्समा क्षति पुऱ्याएपछि फेरि रोकियो मेलम्चीको पानी । यद्यपि, बाढी जानुभन्दा अगाडि नै सुरुङको ढोका बन्द गरिएकोले ठूलो क्षति हुन पाएन । मर्मतपछि २०७९ वैशाख ११ गतेदेखि जेठ तेस्रो सातासम्म पानी ल्याइएको थियो । तर, वर्षायाममा मर्मतका लागि पुनः बन्द गरियो ।

सरकारले यही कात्तिकभित्र पानी ल्याउने बताएको थियो । तर, कात्तिक महिना सकिँदासम्म मेलम्चीको पानी आउने छाँटकाट छैन । यसले पानीको प्रतीक्षामा रहेका उपत्यकावासीलाई चिन्तित तुल्याएको छ ।

यद्यपि, मेलम्चीको पानी पुनः काठमाडौं ल्याउने काम सुरु गरिएको जनाइएको छ । गत जेठमा बन्द गरिएको सुरुङ हालसम्म सञ्चालन गरिएको छैन । यस वर्ष सुरुङमा खासै क्षति नभए पनि आयोजनास्थलसम्म पुग्ने सडक अधिकांश बिग्रिएको बताइएको छ । सो सडक निर्माणको काम अन्तिम चरणमा पुगेको मेलम्ची खानेपानी आयोजनाका अधिकारीहरु बताउँछन् ।

मेलम्चीको पानी कुरिरहेका जनतालाई यो समाचारले थोरै भए पनि आशा जगाएको छ । तर, सरकारले भनेको समयमा पानी दिन नसकेकोप्रति जनताको गुनासो छ । सरकारले कडाइका साथ पानी ल्याउने काम गराउन सकेको देखिँदैन । कात्तिकमा पानी नआए पनि मंसिरबाट मेलम्चीको पानी खान पाउने आशामा उपत्यकावासी छन् । जनताको त्यो प्रतीक्षालाई सार्थक बनाउन सरोकारवाला निकायको ध्यान जानुपर्छ ।

पानीको अभावमा तडपिएका उपत्यकावासीलाई पानी पुऱ्याउने भरपर्दो माध्यम नै मेलम्ची ठानिएकोमा अहिलेसम्मको स्थितिमा जनतको समस्या जस्ताको तस्तै छ । त्यसैले उपत्यकावासीको पीडामा मल्हम लगाउनका लागि मेलम्चीको पानी छिटोभन्दा छिटो ल्याउने वातावरण मिलाउनुपर्छ । सुरुङ सफा गर्ने जिम्मा पाएको ठेकेदार कम्पनीलाई ताकेता गरी छिटो काम सकाउन निर्देशन दिन जरुरी छ । पानी एकदमै अत्यावश्यक भएको हुँदा यसलाई सरकारले गम्भीर रुपमा लिनुपर्छ । साथै, पानी ल्याउने सन्दर्भमा सिन्धुपाल्चोकको स्थानीयले उठाएको मागलाई पनि सम्बोधन गर्नुपर्छ । अन्यथा, उपत्यकावासी स्वच्छ खानेपानी पाउने अधिकारबाट वञ्चित हुने निश्चित छ ।

## मननयोग्य

### चाणक्य नीति

षडयन्त्रको जाली बनाउने कहिलेकाही आफै जालोमा फस्न पुग्दछ भनेझैँ यहाँ पनि त्यस्तै नै भयो । राजवैद्यले आफ्नो प्यालाबाट चन्द्रगुप्तलाई औषधिको सट्टा विष पिलाउन लाग्दा ... त्यसैबखत 'रोक ...' आवाज सुनियो ।

यस्तो प्रभावशाली आवाज सुन्नासाथ चन्द्रगुप्त र राजवैद्य दुवै चकित पर्दै आवाज आएको ठाउतिर हेर्न लागे । उताबाट चाणक्य कोठाभित्र आउँदै थिए । 'गुरुदेव ! हजुर यहाँ ?' मलिनो स्वरमा चन्द्रगुप्तले भने । चाणक्यलाई आवश्यकताका प्रत्येक पलमा खडा पाउँछौ । चन्द्रगुप्त ! राजाले निद्रामा पनि बिउँझनुपर्छ । अस्वस्थ हुँदा पनि मस्तिष्कलाई चैतन्ययुक्त बनाउँदै तरोताजा हुनुपर्दछ । तर, म देख्दछु कि तिम्रो मस्तिष्क पनि थाकेजस्तो छ । यस्तो समयमा झन् बढी सतर्क हुनुपर्छ । तुरुन्त कसैलाई पनि भर-विश्वास गरिहाल्नुहुँदैन । यसले राजालाई हानि गर्दछ ।

अब राजवैद्यलाई लाग्यो उसमाथि चट्टान नै फुट्न लाग्यो । आश्चर्य मान्दै चन्द्रगुप्तले सोधे- 'मैले कुरो बुझिन गुरुदेव !'

उनलाई सम्झाउँदै चाणक्यले भने-'तपाईले परीक्षण गरेपछि मात्र खाने पिउने गर्नुपर्छ । आफूले खान लागेको वस्तु हानिकारक छ कि ? विचार पुऱ्याउनुपर्छ ।'

चाणक्यले वैद्यतिर फर्केर भने वैद्यजी ! माफ गर्नुस्, राज्यव्यवस्थाको कठोर नियमले गर्दा राजालाई खुवाउन लाग्नु भएको यो ओखतिलाई म पहलि विरालोलाई खान दिई परीक्षण गर्दछु । त्यसपछि मात्र तपाईले यो औषधि महाराजलाई खुवाउनुहोस् ।

यो सुनी वैद्यका हात काम्न थाले । मुख डरले पहेंलो भयो । उनले आफ्नो मृत्यू साक्षत् खडा भएको देख्न लागे । कथा डरने पहली भयो आफ्नो मृत्यु साक्षात् बडाएको देख्न लागे ।

वैद्यको यस्तो हालत चाणक्यले देखी तुरुन्तै परिस्थिति बुझे । चन्द्रगुप्तसँग भने-'देख्नुभयो राजा ! यो षडयन्त्र तपाईंलाई सपनामा पनि जानकारी थिएन होला । तर मलाई सन्देह भयो । त्यसबेला जुनबेला वैथने सबै सेवक बाहिर पठाए । किनकि, आफूले चाहेअनुसार औषधिमा विष बाहिर पियाउन तयार गर्न सकियोस तर यिनले यो पनि बिर्सिए चाणक्य पूर्णतः चैतन्य अवस्थामा छ ।' क्रमशः

# 'मुलुकको परिवर्तनका लागि मसँग प्रस्ट भिजन छ'

मेरो राजनीतिक यात्रा २०५९ सालदेखि सुरु भएको हो । त्यस वर्ष कक्षा १० को सेन्टअप पास गरेर एसएलसीको तयारी गरिरहेको अवस्थामा विद्यालयबाटै जनमुक्ति सेनामा लागेको थिएँ । मेरो काका बढाबा लाहुरे हुनुहुन्थ्यो । बुबाले पनि भरुवा बन्दुक खेलाउनुहुन्थ्यो । मलाई त्योभन्दा ठूलो हतियार खेलाउन रहर लाग्थ्यो । त्यो बेला गोपाल किरातीको नेतृत्वमा पूर्वमा खम्बुवान मुक्ति मोर्चाको आन्दोलनको प्रभाव निकै थियो । माओवादी जनमुक्ति सेनाहरू गाउँमा आउने, परेड खेल्ने, देश र जनताका लागि लड्ने कुरा गर्ने गर्थे । जनमुक्ति सेना र कलाकारहरूले त्यसरी देशभक्ति कुरा गर्दा मलाई पनि जान पाए हुन्थ्यो भन्ने लाग्थ्यो । त्यसैले स्वेच्छिकरूपमै म जनमुक्ति सेनामा लागें ।

त्यसपछि करिब चार वर्ष युद्धमै बिताएँ । जनमुक्ति सेनामा लागेपछि पहिलो मोर्चा (लडाइँ) सिरहाको बन्दीपुरमा पऱ्यो । दोस्रो, भोजपुरकै पाँचधारेमा पऱ्यो । त्यहाँ पनि हामीले सेनाको सबै हातहतियार कब्जा गरेका थियौं । तेस्रो, भोजपुरकै घोडेटार युद्धमा परियो । त्यहाँ म बम र गोलीको छर्रा लागेर घाइते भएको थिएँ । म सँगैको कमाण्डरको मृत्यु भयो । साथीहरूले मऱ्यो भनेर मलाई पनि पुर्न खोज्दा एकजना साथीले अलिकति ढुकढुकी छ भनेर बाहिर निकाल्नुभएछ । नत्र म पनि माटोमै बिलाइसक्थें । जनयुद्धको अन्तिम लडाइँ जहाँ हेली झारिएको थियो, सर्लाहीको मलंगवा आक्रमण । त्यहाँ फायर भएको पाँच मिनेटमै हामी तारबार क्रस गरेर सेनाको हतियार खोसेका थियौं । १५ वटा हतियार म एक्लैले खोस्ने साहस गरेको थिएँ ।

त्यसपछि शान्ति सम्झौता भयो । सेना समायोजनका क्रममा मैले नेपाली सेनामा समाहित हुनुको अर्थ देखिनँ । विद्रोह नै गर्छु भनेर हतियार लिएरै निस्किएको थिएँ, तर संयुक्त राष्ट्रसंघको छाप भएको हतियार भएकोले मैले पछि फिर्ता गरें । विद्रोह गर्ने आँट, चाहना भएर पनि सांगठन नभएकोले म अध्ययनतिर लागें । एसएली पास गरेर काठमाडौंबाट पढाइ पूरा गरें । शान्ति सम्झौता हुँदा जनयुद्धको लक्ष्य पूरा भएको थिएन भन्ने लागेको थियो । त्यही भएर समायोजन रोजिएन । युद्ध भएको भए सास रहुञ्जेल लड्ने ऊर्जा, जोस थियो । यतिखेरसम्म वार र पार भैसक्थे । तर, शान्ति सम्झौताले परिवर्तनको लक्ष्य अधुरै रहयो ।

अहिले राजनीति ठूला नेताहरूको ठेक्कापट्टा जस्तै भएको छ । नेताहरू कानुन बनाउँछन् आफैं पालना गर्दैनन् । कानुन त हामी सर्वसाधारणका लागि मात्रै लाग्छ । अन्तर्राष्ट्रिय दलाली गर्ने पेसा बनाइयो राजनीतिलाई । यसले हामीजस्ता हिजो देश र जनताका लागि भनेर लडेका योद्धाहरूलाई निराश बनाएको छ । राजनीतिमा गलत प्रवृत्ति र स्वार्थ हाबी भएको छ । हामीले त्यतिखेरै नै युद्ध सकिएको छैन भनेको हो । त्यो अहिले पुष्टि भएको छ । वास्तविक परिवर्तन आएको भए गरिबको झुपडीमा आज प्रचण्डको आँखा किन जाँदैन ? नेताहरू भ्रमको खेतीमा लागेका छन्, आफ्नो स्वार्थका लागि ।

धरानमा रहँदा पढाइसँगसँगै राजनीतिक संगठनहरूमा पनि सक्रियता निरन्तर रह्यो । समयलाई सदुपयोग गर्दै कराँते र अंग्रेजी भाषा सिक्न थालें । काठमाडौंमा पढाइ पूरा गरेपछि गाउँमा गएर अंग्रेजी भाषा सिकाउन थालें । जिल्लामा पनि अंग्रेजी भाषा र कराते सिकाएँ । बागबजारको जेभियर कन्सल्टेन्सीको शाखा नै लगेको थिएँ । भोजपुर डोजो आफ्नै नाममा दर्ता गरें । विद्यार्थीहरूलाई पढाउँदापढाउँदै पुस्तक लेख्न थालें । कमजोर विद्यार्थीलाई पढाउन, बुझाउन नोट गर्दागर्दै त्यसले किताबको आकार लियो । ब्रिटिस अंग्रेजी भाषासम्बन्धी तीनवटा पुस्तक प्रकाशनमा ल्याइसकेको छु ।

पुस्तक प्रकाशन गर्न पनि उस्तै संघर्ष गर्नुपऱ्यो । प्रकाशकहरूले पत्याएनन् । किड्नी बेचेरै भए पनि प्रकाशन गर्छु भनेर भारतको पटनामा पुगें । भाग्यवस त्यहाँको डाक्टरले सम्झाएर पठाइदिए, मेरो किड्नी बच्यो । त्यसपछि मैले तयार पारेको पुस्तकको 'डमी' देखाएपछि साथीहरूले विश्वास गरे, र प्रकाशनका लागि सापटी दिएर सहयोग गरे । त्यसरी आफ्नै लगानीमा किताब प्रकाशन गरें । किताब बिक्री भएको देखेपछि भने प्रकाशकले पत्याए । अहिले एसपी पब्लिकेसनबाट विभिन्न संस्करणमा मेरो पुस्तक प्रकाशन भइरहेको छ । 'समृद्ध राष्ट्रको चमत्कारी सिद्धान्त' शीर्षकको नयाँ पुस्तक पनि प्रकाशनका लागि तयार भएको छ ।

### "समृद्ध राष्ट्रको चमत्कारी सिद्धान्त"

राष्ट्रको परिवर्तनका लागि राजनीति चाहिँदैन, शिक्षा नीतिबाटै गर्न सकिन्छ भन्ने उजागर गर्न यो पुस्तक तयार पारेको छु । अहिले पढेर बूढा भइँदैन भन्ने कुरा गरिन्छ, जुन भ्रामक हो । अहिलेको शिक्षा र मेरो शिक्षा नीति ठीक विपरीत छ । पढ्नु भनेको गर्नका लागि हो, तर ६० वर्षसम्म पढेर कहिले लगानी उठाउने ? अहिले छोराछोरी पढाउनका लागि अधिकांश बाबुआमा विदेशमा छन् तर यहाँ डिग्री, पिएचडी गरेकालाई पनि जागिरको टुंगो छैन । विडम्बना देश चलाउनेहरू आठ कक्षा फेलरहरू छन् । जनतालाई पढ्नुपर्छ भन्ने आफूचाहिँ नपढ्ने नेताहरू छन् । तिनलेचाहिँ पढ्नु नपर्ने ?

त्यही भ्रमलाई चिर्नका लागि समृद्ध राष्ट्रको चमत्कारी सिद्धान्त अगाडि सारेको छु । मेरो मूल राजनीतिक एजेण्डा पनि यही हो । यसभित्र बेसिक, डिप्लोमा र एड्भान्सको कोर्ष हुनुपर्छ भन्ने मेरो सिद्धान्त छ । २५ वर्षको उमेरसम्ममा सम्पूर्ण कोर्षहरू सकिनुपर्छ । यसका लागि बच्चा जन्मेको पाँच वर्षसम्म घरैमा नैतिक शिक्षा दिने । पाँचदेखि १० वर्षको उमेरमा बेसिक कोर्ष स्कूलमा पढाउने । त्यसपछिको १० वर्ष अर्थात् २० वर्षको उमेरसम्म डिप्लोमा तह पढाउने । डिप्लोमा तहमा आ-आफ्नो संकाय (फचाकल्टी) छुटचाउनुपर्ने, जस्तैः विज्ञान, कला, वाणिज्य आदि ।

डिप्लोमापछिको पाँच वर्ष एड्भान्स कोर्ष पढाउने, जसमा डिग्री र पिएचडी पर्छ । यसरी २५ वर्षको हुँदा कोर्ष सकाउनुपर्छ । त्यसपछिको पाँच वर्ष उसलाई आफ्नो फिल्डमा पठाउनुपर्छ । ३० देखि ४० वर्षसम्म उसको विज्ञताका आधारमा सोही क्षेत्रमा सरकारले अनिवार्य रोजगारी दिने । त्यो १० वर्ष उसलाई पुग्दो तलब दिनुपर्छ, किनभने त्यो समय भनेको कमाउने हो । कमाउनका लागि उसले गैरकानुनी बाटो रोज्न नपरोस्, जस्तो अहिले नेपालमा कर्मचारीको तलब थोरै हुँदा भ्रष्टाचार अनियन्त्रित बनेको छ । त्यसैले पर्याप्त तलब दिनुपर्छ ।

त्यसपछि ४० वर्षमा अवकास दिएर उद्योग, व्यवसायमा लगानी गर्न लगाउने, जहाँबाट उनीहरूले अरुका लागि रोजगारी सिर्जना गरोस् । ५० वर्षपछि भने रिटायर्ड घोषणा गरिदिनुपर्छ । त्यसपछि उनले आफ्नो विज्ञता भएको क्षेत्रमा परामर्शदाताको रूपमा काम गर्न सक्छ, त्यसमा सरकारले सहयोग गर्नुपर्छ । अरुलाई ज्ञान बाँड्न लगाउनुपर्छ । यसो गरियो भने राजनीतिको आवश्यकता नै पर्दैन ।

यही परिवर्तनका लागि अब युवा नेतृत्वको आवश्यकता छ । हिजो युवालाई हतियारको गोली बनाइयो । अब युवाहरूले बुझ्नुपर्छ, हामी भऱ्याङ बन्ने होइन, बन्दुकको गोली बन्ने होइन । हामीभन्दा अग्रजहरूले हामीलाई साथ दिनुपर्छ । भिजन नभएको नेतृत्वले केही गर्न सक्दैन भन्ने प्रमाणित भइसक्यो । जसको जेमा विज्ञता छ उसलाई मात्र सम्बन्धित मन्त्रालयको जिम्मेवारी दिनुपर्छ । अर्थशास्त्रको ज्ञान नभएको अर्थमन्त्री, स्वास्थ्यको ज्ञान नभएको स्वास्थ्यमन्त्री, कृषिको ज्ञान नभएको कृषिमन्त्री भएर केही गर्न सक्दैन । अब हामी युवाहरू आफ्नै भिजनमा अगाडि बढ्नुपर्छ । अरुको पुच्छर बन्न छाड्नुपर्छ । आफ्नो भिजनसहित अगाडि नबढेसम्म विकास र परिवर्तन सम्भव छैन ।



रक्षकुमार राई
प्रतिनिधिसभा सदस्यका उम्मेदवार, काठमाडौं-३

### यस कारण मेरो उम्मेदवारी

अहिले जनताले पार्टीभन्दा पनि व्यक्ति हेर्ने माहोल सिर्जना भएको छ । दलहरूप्रति जनताको विश्वास घटेको छ । 'मेरो गोरुको बाह्रै टक्का' भन्ने दलहरूलाई जनताले चिनिसके । अब योग्य व्यक्तिलाई जनताले चुन्छन् । त्यही भएर म प्रतिनिधिसभा सदस्यको उम्मेदवारको रूपमा अगाडि बढेको हुँ । चुनाव चिह्न 'तीन चुलो' लिएर चुनावमा लागेको छु ।

अहिलेका पार्टीहरूसँग कुनै स्पष्ट भिजन र लक्ष्य छैन । ठूला पार्टीहरू सत्तामा गएर मन्त्री, प्रधानमन्त्री बन्ने लक्ष्यमै केन्द्रित छन् । देश विकास, राष्ट्रियताको सवालमा स्पष्ट नीति नै छैन । त्यसैले यी पार्टीहरूबाट मुलुकमा परिवर्तन सम्भव छैन । यिनीहरूले राष्ट्रियतालाई बेचिसके, एमसिसी त्यसको उदाहरण हो । आगामी चुनावपछि कि त राजनीतिक विद्रोह हुन्छ, कि त हामीले नेपाली भन्नै नपाउने स्थिति आउनेवाला छ । जनताले यो कुरा बुझ्न जरुरी छ, हामीले बुझाउनुपर्छ । अब नयाँ नेतृत्व स्थापित गर्नुको विकल्प छैन । यही कुरा जनतालाई बुझाउन मैले उम्मेदवारी दिएको हुँ । राष्ट्रको हितमा पार्टीको भन्दा मेरो भिजन प्रस्ट छ । त्यही कुरा म जनतालाई बुझाउँदै छु ।

म काठमाडौं-३ बाट उम्मेदवार भए पनि मेरो एजेण्डा समग्र देशका लागि छ । बाटो बनाउने, पुल बनाउने भन्नेजस्ता सबै कुरा गर्छु भन्ने होइन, प्रतिनिधिसभाले त कानुन बनाउने हो । प्रतिनिधिसभामा गएर राष्ट्र हितमा कानुन निर्माण गर्ने मूल लक्ष्य हो मेरो । अहिलेको व्यवस्थाले मुलुकको समृद्धि सम्भव छैन । यही व्यवस्थालाई निरन्तरता दिने हो भने हाम्रो अर्को पुस्ताले पनि समृद्धि देख्न पाउने छैनन् । म काठमाडौं-३ मा उम्मेदवार बन्नुको उद्देश्य चुनाव जित्नुमात्रै होइन, बहुदलीय व्यवस्था र अहिलेका दलहरूभित्रका विकृत पक्षहरू जनतासमक्ष भण्डाफोर गर्नु हो । हामी मेरो पार्टी, मेरो पार्टीको सिद्धान्त भनेर बिग्रिएका हौं । अब आफ्नो समुदाय, पार्टीभन्दा एक खुड्किला माथि राष्ट्र हितका लागि उठ्नुपर्छ ।

प्रत्यक्ष कार्यकारी राष्ट्रपति र प्रधानमन्त्री चुन्ने व्यवस्था हुनुपर्छ । यस्तो व्यवस्था भयो भने योग्य व्यक्तिहरू आउन पाउँछन् । यसका लागि विस्तारै माहोल बन्दै गएको छ । स्वतन्त्रहरूले

> परिवर्तनका लागि अब युवा नेतृत्वको आवश्यकता छ । हिजो युवालाई हतियारको गोली बनाइयो । अब युवाहरूले बुझ्नुपर्छ, हामी भऱ्याङ बन्ने होइन, बन्दुकको गोली बन्ने होइन ।
>
> ०००
>
> म हिजो जनयुद्धबाट आएको मान्छे । हिजो हामीले प्रचण्डलाई नेता मान्यौं, प्रचण्डपथलाई आत्मसात् गरेर युद्ध लड्यौं । अहिले प्रचण्डमा 'दाहालवाद' हावी भएको छ । मेरो अहिलेको संघर्ष त्यही दाहालवादको विरूद्ध हो ।
>
> ०००
>
> जनतालाई मेरो आग्रह छ- अब मेरो मान्छे, मेरो पार्टी, मेरो क्षेत्रको विकास गर्नेभन्दा पनि राष्ट्रप्रेमी र समग्र मुलुकको विकास गर्ने, नेपाली जनताको भाग्य र भविष्य कोर्न सक्षम र राष्ट्रिय स्वाधीनताको रक्षा गर्ने व्यक्तिहरूलाई चुनेर पठाउनुस् । यो निर्णायक युद्ध हो, त्यसैले धेरै सोचेर भोट दिनुहोला ।

देशैभर साहस गरेका छन् । स्वतन्त्र र योग्यहरूलाई जिताएर पठाए परिवर्तनको चाहनालाई सार्थक बनाउन सकिन्छ । आशा छ, यसपटक जनताको भोट नोटमा बिक्ने छैन ।

म हिजो जनयुद्धबाट आएको मान्छे । हिजो हामीले प्रचण्डलाई नेता मान्यौं, प्रचण्डपथलाई आत्मसात् गरेर युद्ध लड्यौं । अहिले प्रचण्डमा 'दाहालवाद' हावी भएको छ । मेरो अहिलेको संघर्ष त्यही दाहालवादको विरुद्ध हो । दाहालवाद जस्तै वाद अरु पार्टीमा पनि छ, त्यसका विरुद्ध मेरो संघर्ष हो ।

काठमाडौं-३ म लामो समयदेखि बसेको क्षेत्र हो । यहाँ म लामो समयदेखि भिजेको छु । यहाँका समुदायसँग मेरो सामीप्यता छ । त्यही भएर मैले यो क्षेत्रलाई रोजेको हुँ । तर, मेरो इच्छा चितवनमा प्रचण्डसँग लड्ने थियो । मैले प्रचण्डविरुद्ध लड्छु भनेर घोषणा नै गरेको थिएँ, तर प्रचण्ड चितवन छाडेर गोरखामा पुगे । गोरखा गएपछि प्रचण्डसँग लड्ने मेरो लक्ष्य यसपालि अपूरो रहयो ।

काठमाडौं-३ का जनताले मलाई साथ दिने विश्वास छ । मेरो परिवर्तनको एजेण्डालाई अगाडि बढाउन मलाई मत दिनुहुनेछ । चुनावी अभियानका क्रममा मैले आफ्नो भिजन जनतालाई बुझाउन पाएको छु । यो नै मेरो लागि ठूलो सफलता हो । जनतालाई मेरो आग्रह छ- अब मेरो मान्छे, मेरो पार्टी, मेरो क्षेत्रको विकास गर्नेभन्दा पनि राष्ट्रप्रेमी र समग्र मुलुकको विकास गर्ने, नेपाली जनताको भाग्य र भविष्य कोर्न सक्षम र राष्ट्रिय स्वाधीनताको रक्षा गर्ने व्यक्तिहरूलाई चुनेर पठाउनुस् । यो निर्णायक युद्ध हो, त्यसैले धेरै सोचेर भोट दिनुहोला ।

*(काठमाडौं क्षेत्र नं. ३ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार राईसँग प्रभावले गरेको कुराकानीमा आधारित)*

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नु हुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# अस्पताल शिलान्यास गरेको ठाउँमा 'तोरी खेती'

■ प्रभाव संवाददाता

मोरङ– सुन्दरहरैचा– ११ कर्जुनामा प्रदेश नं. १ स्तरीय प्रादेशिक सरुवा रोग अस्पताल निर्माण अलपत्र बनेको छ। तत्कालीन पर्यटन मन्त्री भानुभक्त ढकालले शिलान्यास गरेको उक्त ५० शय्याको प्रादेशिक सरुवा अस्पताल अलपत्र परेको हो।

धरानको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाममा रहेको १४ बिघा जग्गा मध्ये ५ बिघा क्षेत्रफलमा उक्त अस्पताल बनाउन प्रतिष्ठानले अनुमति दिएको थियो। प्रतिष्ठानले जग्गा उपलब्ध गराएसँगै तत्कालीन मन्त्री ढकालले २०७७ माघ १९ गते उक्त भवन निर्माणको शिलान्यास गरेका थिए।

तर निर्माण हुने भनिएको अस्पताल शिलान्यास पछि अलपत्र बनेको छ। अहिले उक्त जग्गाको रेखदेख गर्ने व्यक्ति कृष्ण प्रसाद न्यौपानेले अन्न उब्जाउन थालेका छन्। अस्पताल बन्ने छाँटकाट नदेखेपछि अन्न बाली उब्जाउ गर्न थालिएको न्यौपानेको भनाई छ। अस्पताल निर्माणका लागि शिलान्यास भएपछि उनले छैटौं पटक बाली लगाएका छन्। तत्कालीन समयमा पाक्न लागेको तोरी विनाश गरेर अस्पतालको शिलान्यास गरिएको थियो।

अस्पताल शिलान्यास हुँदा जुन खुसी स्थानीयमा थियो त्यो खुसी अहिले निराशामा परिणत भएको छ। अस्पताल बन्छ भन्ने आशै आशामा बसेकी स्थानीय हरिमाया लिम्बु भन्छिन् 'शिलान्यास भएको बेला मान्छे आएको देखिएको तर अहिले आएको नआएको थाहा छैन। अस्पताल बन्ने आस मरिसकेको छ।' लिम्बु भन्छिन् 'खै अस्पताल आउँछ भन्दा खुसी थियौं अब त अस्पताल बन्छ भन्ने आस पनि मरिसक्यो।'

जग्गा प्राप्तिको काम नै नगरी लाखौंको डिपीआर तयार गरी शिलान्यास गरेको उक्त अस्पताल बन्न केन्द्र सरकारबाट ८ करोड बजेट समेत विनियोजन गरिसकिएको थियो। उक्त बजेट समेत चुनावको बेला पूर्व मन्त्री ढकालले आफूले विनियोजन गरी काम गरेको भनेर आफ्नो प्रगति विवरणमा त हाल्न भ्याए तर एक पटक पनि पुन त्यस ठाउँमा भवन बन्यो बनेन हेर्न समेत जान भ्याएनन्। ढकालले आफ्नो प्रगति विवरणमा उक्त अस्पतालको नाम हाल्दा यता स्थानीय भने आक्रोशित भएका छन्। स्थानीय सुरेन्द्रप्रसाद ओझाले अस्पताल बनाउने भनेर जनप्रतिनिधिले जनता माझ भ्रम मात्र छरेको बताए। अस्पताल बनाउने कुरा हल्ला हल्ला मा मात्र सीमित रहेको बताए। उनले भने 'एक दिन आएर खाल्डो खने। मन्त्रीहरू आए अन्त्यमा केही न केही। जनता झुक्याउने काम मात्रै भयो।'

अस्पताल बन्ने भएपछि स्थानीय सुकुम्वासीका केही घरलाई अर्को स्थानमा व्यवस्थापन गर्ने पूर्व मन्त्री ढकालले आश्वासनसमेत दिएका थिए। तर न त अहिले सम्म अस्पताल बन्यो न त त्यहाँ रहेका सुकुम्वासी बस्तीले जग्गा प्राप्ति नै गर्न सके। टेकु अस्पतालमा ३ सय बेडले मात्र नधान्ने भन्दै सातै प्रदेशमा त्यस्तै सहितको सरुवा रोग अस्पताल निर्माण गर्ने योजना केन्द्र सरकारले बनाएको हो।

उनै ढकाल यति बेला पुन मोरङ ३ बाट निर्वाचनमा होमिएका छन्। अघिल्लो निर्वाचनमा निकै दौडधुप गरेर जनताको घर आँगनमा पुगेका ढकाल यस पटक खुलेर जनतामाझ जान सकेका छैनन्। उनी प्रायः कार्यकर्ता भेटघाट र उनीहरूलाई परिचालन गराउनमै व्यस्त देखिन्छन्।

## धुकचुकमा...

पृष्ठ १ बाट जारी

बुटवल उपमहानगरपालिकाको १४ देखि १९ सम्मका वडा, मायादेवी गाउँपालिकाको ७ र ८ नम्बर वडा, ओमसतिया गाउँपालिकाको २ नम्बर वडा, सियारी गाउँपालिकाको १, २, ३, ६ र ७ नम्बर वडा र तिलोत्तमा नगरपालिकाको १३ र १४ नम्बर वडा छन्।

यी सबै स्थानीय तहमा वडाध्यक्षका उम्मेदवारहरूले पाएको मतका आधारमा हेर्दा खाण उम्मेदवार भएको दल कांग्रेस सबैभन्दा ठूलो दल हो। उक्त दलको मत ३३ हजार ५०५ छ। एमालेको मत २९ हजार ४८ छ। बोहराको दल राप्रपाको मत १३ हजार ४१६, जसपाको मत सात हजार १३९, माओवादी केन्द्रको मत दुई हजार ५७१, लोकतान्त्रिक समाजवादी पार्टीको मत दुई हजार १५३ र जनमत पार्टीको मत दुई हजार ८४ मत रहेका छन्।

राष्ट्रिय जनमुक्ति पार्टीको मत एक हजार ७३६, एकीकृत समाजवादीको मत ९५० र राष्ट्रिय जनमोर्चाको मत १४२ रहेको निर्वाचन आयोगको तथ्यांकमा उल्लेख छ। यस अधारमा बोहरा उम्मेदवार रहेको एमाले-राप्रपा र जसपा गठबन्धनको मत ४९ हजार ६०३ छ। खाण उम्मेदवार रहेको कांग्रेस, माओवादी, लोसपा, जनमुक्ति र जनमोर्चाको मत भने ४१ हजार ५७ छ। मतान्तर आठ हजार ५४६ छ।

यही मतलाई मात्रै आधार मान्ने हो भने बोहरालाई चुनाव जित्न सहज हुने देखिन्छ। यदि चुनाव जिते देशमा गणतन्त्र स्थापनापछि पूर्वपञ्च बोहराको जित दोस्रोपटक हुनेछ।

तर, एकातिर घाँटीमा समस्या आएपछि चुनावी सभाहरूमा बोल्न नसकेका बोहराको क्षेत्रका प्रभावशाली नेता कार्यकर्ताहरू धमाधम कांग्रेस प्रवेश गरिरहेका छन्। केही भने राजीनामा दिएर चुपचाप बसेका छन्। राजीनामा दिनेमध्ये अजयकुमार गुप्ता र उनकी श्रीमती विनिता गुप्ता पर्छन्। सिद्धार्थनगरका राप्रपा अध्यक्ष चन्द्रभक्त श्रेष्ठ, पूर्वसचिव नारानाथ पाण्डेय, बुटवल-१४ का अध्यक्ष रामदयाल चौधरी, बुटवल-९ का उपसभापति रामबहादुर थापासँगै रंगनाथ गुप्ता र रवि रौनियार कांग्रेस प्रवेश गरेका छन्।

फेरि, एमाले र जसपाका राजतन्त्र नरुचाउने गणतन्त्र र लोकतन्त्र पक्षधर मतदाताहरूले मत नदिन सक्छन्। यस्तो अवस्थामा भने बोहराको फेरि हार हुनसक्ने विश्लेषण हुँदै आएको छ।

गृहमन्त्री खाण सरकारमा दोस्रो वरीयताको मन्त्री र राष्ट्रिय राजनीतिमा प्रभावशाली नेता हुनुले उनले पनि चुनाव जित्न सक्ने एकथरी मानिसहरूको विश्लेषण छ। चुनावलक्षित बजेट पनि चुनाव क्षेत्रमा लगेका छन्। यस आधारमा उनलाई चुनाव जित्न सक्ने उम्मेदवारको रूपमा हेरिएको छ।

तर, पार्टीको १४औं महाधिवेसनमा संस्थापनइतर पक्षलाई पेलेको आरोपको सामना उनले गर्दै आएका छन्। स्थानीय चुनावमा पनि इतर पक्षलाई बेवास्ता गरेको अर्को आरोप छ। कांग्रेसकै एक जना नेता प्रख्यात बञ्जाडे हाम्रो नेपाली पार्टीका उम्मेदवार बनेका छन्। यी कारण चुनावमा प्रभावी भएको अवस्थामा भने उनलाई चुनाव हार्न सक्ने उम्मेदवारको रूपमा हेरिने गरिएको छ।

उनीहरूसँगको प्रतिस्पर्धामा भने प्रख्यातबाहेक नेपाल मजदुर किसान पार्टीकी सरु विक, जनमत पार्टीका प्रमोदकुमार राउत, नागरिक उन्मुक्ति पार्टीका तुल्सीप्रसाद थारु, राप्रपा नेपालकी सरस्वती धोवी धवल, मंगोल नेसनल अर्गनाइजेसनकी तेजकुमारी आले, गान्धीवादी पार्टी नेपालका लालबहादुर राना र राष्ट्रिय स्वतन्त्र पार्टीका जितबहादुर गुप्ता तेली रहेका छन्।

स्वतन्त्र उम्मेदवारहरू राजीव शाही, गुडिया पथरकट्ट, देवराज न्यौपाने, नबाब मुसलमान, नाराणप्रसाद शर्मा, केशव विक्रम खड्का, इशरात अली फकिर, घनश्याम भट्टराई, जीवकान्त काफ्ले, नरेशबहादुर क्षेत्री र रमेश गैरे पनि चुनावी प्रतिस्पर्धामा छन्।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : APEX WORLD SECURITY SDN.BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२८ LT. No. 275495 चलानी नं. ६०१९११६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 48 | 0 | 1500 | ४२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ७ गते (23rd Nov. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**ALL RAHIM MANPOWER PVT. LTD.**

श्रम ईजाजत नं. १२६४/०७४/०७५

Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4444419, 4444429, Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com / info@allrahimmanpower.com, Website : allrahimmanpower.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUPERB POWER SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२८ LT. No. 275535 चलानी नं. ६०१९१२७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Crew | 15 | 0 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ७ गते (23rd Nov. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**VARSHA MANPOWER PVT. LTD.**
**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MANUFACTURER OF GLASS AND SOLID METALS TRADING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०७/२९ LT. No. :275677 चलानी नं.६०१९१३३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1000 | ३४,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHIELD AL JAZEERA INTERNATIONAL TRADING AND CONTRACTING COMPANY,RIYADH

पूर्व स्वीकृति मिति २०७९/०७/२९ LT. No. :275675 चलानी नं.६०१९१३२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 5 | 0 | 1000 | ३४,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : IBTISAM AYED BIN SAUD AL SHAMMARI GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०७९/०७/२९ LT. No. :275676 चलानी नं.६०१९१३३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३४,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ७ गते (23rd Nov. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Green Star Overseas Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal,
Tel: +977-1-4363546, Fax: +977-1-4363540

श्रम ईजाजत नं. २५७/०५८/०५९

Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com



## साउदी/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SANA FOR ELECTRICAL & TELEPHONE CO

पूर्व स्वीकृति मिति २०७९/०७/२९ LT. No. 275711 चलानी नं. ६०१९१३२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and download operator | 2 | 0 | 1300 | ४४,८१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Vendor | 1 | 0 | 1500 | ५१,७१० | | | | | | | |

कम्पनी : MANSOP FOR CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०७/२९ LT. No. 275710 चलानी नं. ६०१९१३१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३४,४७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Drilling Worker | 1 | 0 | 1400 | ४८,२६५ | | | | | | | |
| 3 | Electrical Maintenance Worker | 1 | 0 | 1500 | ५१,७१० | | | | | | | |
| 4 | Road Maintenance Labor. | 1 | 0 | 1100 | ३७,९२० | | | | | | | |
| 5 | Sanitation Worker | 1 | 0 | 1200 | ४१,३७० | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

कम्पनी : ORIENTALDOR INDUESTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/१६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२९ LT. No. 270746 चलानी नं. ६०१८६५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 10 | 0 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WINTECH METAL PROCESSING SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/१६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२९ LT. No. 270745 चलानी नं. ६०१८६५७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ७ गते (23rd Nov. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)

Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LEOPARD DELIVERY COMPANY

पूर्व स्वीकृति मिति : २०७९/०७/०६ पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२९ LT No.274344 चलानी नं. ६०१८९९४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bike Driver | 27 | 0 | 135 | ५६,८२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 30 | 0 | 135 | ५६,८२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ७ गते (23rd Nov. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Dubai Overseas International Pvt. Ltd.**

श्रम ईजाजत नं. ७५१/०६४/०६५

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984562103, Email Id: dubaioverseas2016@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JAWA HUMAN RESOURCES CO

पूर्व स्वीकृति मिति २०७९/०७/२९ LT. No. 275687 चलानी नं. ६०१९१३३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 60 | 0 | 1000 | ३४,४७५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 30 | 0 | 1000 | ३४,४७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ७/८/९ गते (23/24/25 Nov. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**ISHAN INTERNATIONAL OVERSEAS PVT. LTD. .**

श्रम ईजाजत नं. ११९५/०७३/७४

Head Office: Kathmandu N.P.-34,New Baneshwor, Kathmandu, BAGMATI, Tel: +01-4796201
Branch Office: Atithi Sadan Road, Birtamode, Jhapa, Tel: +23-590306, 590307
Email: ishanoverseasjhapa@gmail.com, URL: www.ishanint.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PERCETAKAN SM SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/३० पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२९ LT. No. 269509 चलानी नं. ६०१८५४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 11 | 2 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HADRAMAWT KITCHEN SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२८ LT. No. 275511 चलानी नं. ६०१९१२७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : HAPPY GRASS PRODUCTS SDN BHD

पूर्व स्वीकृति मिति २०७६/१०/०९ पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२९ LT. No. 231584 चलानी नं. ६०१६७८२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Workers | 6 | 0 | 1200 | ३४,२०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ७ गते (23rd Nov. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

MINAWA RECRUITMENT HR PVT LTD
Govt.Lic. No- 1168/073/074

**MINAWA RECRUITMENT H.R. PVT LTD**

Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



## ओमन/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EMDAAD PROJECTS AND SERVICES LLC

पूर्व स्वीकृति मिति २०७९/०७/२९ LT. No. : 275581 चलानी नं.: ६०१९१२९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Liquid Fuel Primed | 14 | 0 | 120 | ४०,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

कम्पनी : KS SAM FURNITURE ENTERPRISE

पूर्व स्वीकृति मिति २०७९/०७/२८ LT. No. : 275397 चलानी नं.: ६०१९१३०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : QIAN KIM ENGINEERING WORKS

पूर्व स्वीकृति मिति २०७९/०७/२८ LT. No. : 275396 चलानी नं.: ६०१९१३००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : RESTORAN YANG KEE

पूर्व स्वीकृति मिति २०७९/०७/२९ LT. No. : 275398 चलानी नं.: ६०१९१२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 10 | 0 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SYARIKAT PELADANG DAN PERUSAHAAN MINYAK SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०७/२८ LT. No. : 275486 चलानी नं.: ६०१९१२९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ७ गते (23rd Nov. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Govt. License 128/055/56

**Kasturi International Service Pvt. Ltd.**

Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com

# प्रभाव दैनिक

बुधबार, ३० कात्तिक २०७९ (Wednesday, November 16, 2022)


## रूपशाला

### करिश्माले मागिन् रेखालाई भोट

अभिनेत्री एवं एमाले नेतृ करिश्मा मानन्धरले राप्रपा उम्मेदवार रेखा थापालाई भोट मागेकी छन् । करिश्माले आफ्नै पार्टीका उम्मेदवार भानुभक्त ढकाललाई नभई करिश्माले रेखा थापाका लागि सामाजिक सञ्जालमार्फत भोट मागेकी छन् । 'कलाकार राष्ट्रका अभिन्न अंग हुन् । संस्कृति, संस्कारका सम्बाहक हुन् । यो क्षेत्रको निर्माण, विकास गर्न धेरै कलाकारहरूले धेरै संघर्ष र परिश्रम लगानी गरेका छन् । यो एउटा करोडौं लगानी भएको क्षेत्र बनिसकेको छ । अब हाम्रो कदम राज्यका मुख्य तहमा आफ्नो कुरा पुऱ्याउने हो । यो संघर्षमा सामिल योद्धा । रेखा थापालाई भोट गर्न मोरङ डिस्ट्रिक्टलाई आग्रह गर्दछु,' करिश्माले लेखेकी छन् ।



# महानायकलाई लाग्यो 'महापुरुष' उत्कृष्ट

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता राजेश हमालले हाल प्रदर्शनमा रहेको चलचित्र 'महापुरुष' ले नेपाली समाजको भावना र पुस्तान्तरणको कथा व्यक्त गरेको बताएका छन् । सोमबार साँझ दरबार सिनेप्लेक्समा फिल्म हेरिसकेपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै उनले फिल्म उत्कृष्ट बनेको बताए ।

'फिल्म उत्कृष्ट बनेको छ । यसमा हरेक वर्ग र उमेर समूहको भावनालाई समेटिएको छ । हेर्दै गर्दा दर्शक सहजै जोडिन्छन्', उनले भने, 'फिल्ममा देखिएका सम्बन्ध र नातालाई आफूलाई समेत नियाल्न प्रेरित गर्छ । म केही स्थानमा भावुकसमेत भएँ ।'

उनले एक्लोपनमा खोजिने साथलाई फिल्मले प्रस्ट्याएको बताए । 'हामीले उमेर हेरेर गरिएको विवाह बारे सतही टिप्पणी गर्ने गर्छौं । तर एक्लोपनलाई साथ चाहिन्छ । किनकि भावनात्मक सम्बन्धको खाँचो सबैलाई हुन्छ', उनले भने । फिल्मका लेखक तथा निर्देशक प्रदीप भट्टराईले अभिनेता हमाललाई प्रतिक्रियाको लागि धन्यवाद दिए । 'उहाँले फिल्म हेर्दै हुनुहुन्छ भन्नेमै उत्साहित थियौं । हामीले भन्न खोजेको कुरा दृश्यमार्फत उहाँसम्म पुगेको पाउँदा झनै उत्साहित छौं', उनले भने ।



